संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ २८ गते बिहिबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले संविधान सभा अध्यक्ष, पूर्व सभामुख एवं प्रतिनिधि सभा सदस्य सुवासचन्द्र नेम्वाङ्गको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"संविधान सभा अध्यक्ष, पूर्व सभामुख एवं प्रतिनिधि सभा सदस्य तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष र संसदीय दलको उपनेता सुवासचन्द्र नेम्वाङ्गको ७१ वर्षको उमेरमा मिति २०८० साल भदौ २६ गते मंगलबार हृदयघातबाट भएको असामयिक निधनले सिङ्गो मुलुक स्तब्ध बनेको छ। बीसको दशक यताका लोकतन्त्र र गणतन्त्रका लागि भएका हरेक आन्दोलनहरुमा सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्नुभएका, संविधान सभामार्फत् नेपालको संविधान निर्माण गर्न अहम् र नेतृत्वदायी भूमिका खेल्नुभएका मृदुभाषी, सरल, सहज र समन्वयकारी व्यक्तित्वका धनी सुवासचन्द्र नेम्वाङ्गको अप्रत्याशित निधनबाट मुलुकलाई अपुरणीय क्षति पुगेको छ ।

स्वर्गीय नेम्वाङ्ग वि.सं. २०४८ र २०५२ सालमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तर्फबाट राष्ट्रिय सभा सदस्यमा र वि.सं. २०५६ सालको प्रतिनिधि सभा सदस्य, वि.सं. २०६३ सालको पुनर्स्थापित प्रतिनिधि सभा र व्यवस्थापिका-संसद सदस्य, वि.सं. २०६४ र २०७० सालको संविधान सभा सदस्य निर्वाचन एवं वि.सं. २०७४ र २०७९ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तर्फबाट इलाम जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य हुनुहुन्थ्यो । उहाँले वि.सं. २०६४ र २०७० सालमा संविधान सभा अध्यक्ष र पुनर्स्थापित प्रतिनिधि सभा, व्यवस्थापिका-संसद र संविधान सभा अवधिभरको व्यवस्थापिका-संसदको सभामुखमा चार पटक निर्वाचित भई निर्णायक र प्रेरक भूमिका निर्वाह गर्नुभएको थियो । पूर्व कानून, न्याय तथा संसदीय व्यवस्था र सामान्य प्रशासन मन्त्री हुनुभएका दिवंगत नेम्वाङ्ग वि.सं. २०५६ सालमा सार्वजनिक लेखा समितिको सभापति समेत हुनुभएको थियो । नेपालको वर्तमान संसद र संसदीय राजनीतिमा समन्वयकारी भूमिका खेल्ने कार्यमा उहाँको महत्वपूर्ण भूमिका रहेको थियो । उहाँको देहावशानको यस दुःखद घडिमा प्रतिनिधि सभाको यो बैठक सुवासचन्द्र नेम्वाङ्गको निधनप्रति गहिरो शोक प्रकट गर्दै श्रद्धाञ्जली अर्पण गर्दछ र शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय सुवासचन्द्र नेम्वाङ्गको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल भाद्र २९ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:१० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव